# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१ (सहकारी शाखा)
चलानी नं.: ५२

मिति :- २०८०-०४-०३गते

**विषय :- लेखा परीक्षक नियुक्तिको जानकारी पठाउने सम्बन्धमा |**

श्री सहकारी संस्थाहरु सबै,
कचनकवल गाउँपालिका, बनियानी,झापा |

प्रस्तुत विषयमा सहकारी ऐन २०७४ को दफा ७५,७६ र ७७ तथा कचनकवल गाउँपालिकाको सहकारी ऐन, २०७५ को परिच्छेद १२ दफा ५४,५५ र ५६ मा सहकारी संस्थाहरुको अन्तिम लेखा परीक्षण सम्बन्धमा व्यवस्था गरिएको छ | सो व्यवस्था अनुसार सहकारी संघ संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र साधारण सभाले नियुक्त गरेको लेखापरीक्षक बाट आफ्नो कारोबारको लेखापरीक्षण गराउनुपर्ने हुन्छ | यसका साथै लेखापरीक्षकको पारिश्रमिक साधारण सभाबाट निर्धारण गरिएको हुनुपर्ने तथा एकै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्ष भन्दा बढी हुनेगरी लेखा परीक्षकमा नियुक्त गर्न नसकिने व्यवस्था समेत रहेको छ | सहकारी ऐनमा भएको यसै व्यवस्थाको नियमन गर्नका लागि कचनकवल गाउँपालिकाको सहकारी ऐन २०७५, सहकारी नियमावली २०७६ तथा प्रदेश सहकारी रजिष्ट्रार कार्यालयले तयार गरेको **सहकारी संस्था संचालन,अनुगमन तथा लेखा परीक्षण सम्बन्धी मापदण्ड २०७८** मा सहकारी संस्थाहरुले लेखा परीक्षक नियुक्त गरेपछि सो को जानकारी निम्न विवरण सहित कार्यालयमा दिनुपर्ने व्यवस्था गरिएको छ | तसर्थ यस कार्यालयको नियमन क्षेत्राधिकार भित्र पर्ने सहकारी संघ संस्थाहरुले आ.व. २०८०/०८१ का लागि लेखापरीक्षक नियुक्त गरेपछि निम्न अनुसारको विवरण १५ दिनभित्र यस कार्यालयमा पठाउनुहुन अनुरोध गरिएको छ |

**निम्न :-**

(क) लेखापरीक्षकको नाम, ठेगाना,
(ख) विगत तीन वर्षको नियुक्त लेखापरीक्षकको नाम, ठेगाना,
(ग) लेखापरीक्षकको लेखा परिक्षण इजाजत पत्रको प्रतिलिपि,
(घ) लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धी साधारण सभाको निर्णयको प्रतिलिपि,
(ङ) सम्बन्धीत लेखापरीक्षकले आफु संस्थाको लेखापरीक्षक नियुक्तहुन अयोग्य नभएको भनि दिएको लिखित जानकारीको प्रतिलिपि |

................................
हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**

श्री सुचना प्रविधि शाखा, कचनकवल गाउँपालिका **(वेभ साइटमा अपलोड गरिदिनुहुन |**